कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौँडाको चौमासिक प्रकाशन

# चौमासिक बुलेटिन

वर्ष १ अंक २ मंसिर-फागुन २०७८ [Dec. 2021– March 2022]

## यस अंकको विशेष .....



| | |
|---|---|
| दोस्रो चौमासिक अवधीमा सम्पन्न गरिएका महत्वपूर्ण कार्यहरू | १ |
| आ.व. २०७८/७९ को कार्यालयगत अष्टमासिक प्रगति विवरण | ३ |
| आ.व. २०७८/७९ को नीति तथा कार्यक्रमको अष्टमासिक प्रगति विवरण | ५ |
| अष्टमासिक राजश्व सङ्कलन विवरण | ७ |
| दोस्रो चौमासिकमा सम्पन्न गरिएका प्रमुख कार्यक्रम | ७ |



संरक्षक
**डा. शरण कुमार पाण्डे**
(सचिव)

सम्पादक मण्डल
**झलकनाथ कँडेल**
(वरिष्ठ कृषि प्रसार अधिकृत)

**डा. सुलोचना श्रेष्ठ**
(वरिष्ठ पशु विकास अधिकृत)

**सुजन कँडेल**
(कृषि अर्थ विज्ञ)

**दिपेन्द्र मणी लामिछाने**
(कृषि प्रसार अधिकृत)

**अनुप अधिकारी**
(सूचना अधिकारी)

सम्पर्क ठेगाना :
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
बागमती प्रदेश, हेटौँडा
फोन नं.: ०५७-५२५९४७
फ्याक्स नं.: ०५७-५२५६४२
E-mail: molmac@bagamati.gov.np
Website: www.molmac.bagamati.gov.np

## दोस्रो चौमासिक अवधिमा सम्पन्न गरिएका महत्वपूर्ण कार्यहरु

१. चितवनको खैरहनी न.पा, धादिङ्गको बेनीघाट रोराङ्ग गा.पा, सिन्धुलीको सुनकोशी गा.पा, रामेछापको मन्थली न.पा, दोलखाको जिरी न.पा, सिन्धुपाल्चोकको इन्द्रावती गा.पा र लिशंखुपाखर गा.पा, रसुवाको कालिका गा.पा, नुवाकोटको बिदुर न.पा र बेलकोटगढी न.पा गरी ८ जिल्लाका १० स्थानमा शीत भण्डार निर्माण कार्य ७८ प्रतिशत सम्पन्न, चालु आ.व.मा निर्माण सम्पन्न भई सञ्चालनमा आउने, उक्त कार्यबाट १५८०० मे.ट. फलफुल तथा तरकारी भण्डारणमा सहजता हुने ।

२. मानव र वन्यजन्तुबिच द्वन्द्व न्यूनीकरण तथा कृषि बालीको सुरक्षाको लागि चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रका उपभोक्ता र स्थानीय तहको समन्वयमा चालु आ.व. मा १.१६ कि.मि. गरी हालसम्म ९.६६ कि.मि. पर्खाल निर्माण भएको ।

३. पशुपन्छीको रोग अन्वेषण तथा अनुसन्धान गर्न कृषि तथा वन विज्ञान विश्वविद्यालय, चितवनमा बायोसेफ्टी लेभल-टु-प्लस प्रयोगशाला स्थापनाका लागि डि.पि.आर. परिमार्जन भई बोलपत्र आह्वानको प्रक्रियामा रहेको ।

४. मकवानपुर जिल्लाको हेटौँडामा दूध पाउडर प्लान्ट निर्माण कार्य ५० प्रतिशत सम्पन्न भएको र चालु आ.व. २०७८/७९ मा निर्माण कार्य सम्पन्न गरिने ।

५. हेटौँडा उपमहानगरपालिकासँगको सहकार्यमा हेटौँडा-११ मा निर्माणाधिन प्रादेशिक कृषि थोक बजारको निर्माण कार्य ३५ प्रतिशत सम्पन्न भएको, मुख्य भवनमध्ये retail shop को संरचनाको सम्पूर्ण काम सम्पन्न भएको, wholesale shop को भुइँ तल्लाको काम सम्पन्न भई द्रुत गतिमा निर्माण कार्य भैरहेको ।

६. दूध उत्पादन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिँदै प्रति लिटर रू. २ का दरले वित्तीय संस्थामार्फत दूध उत्पादक कृषकहरूको बैंक खातामा रकम उपलब्ध गराउने कार्यका लागि आवेदन संकलन भई मूल्याङ्कन भइरहेको ।

७. प्रमुख खाद्यान्न बालीको गुणस्तरीय उन्नत बिउ उपलब्धता वृद्धिका लागि खाद्यान्नको बिउमा रू. २० र तेलहन तथा दलहनको बिउमा रू. ४० प्रति के.जी.को दरले उत्पादनमा आधारित अनुदान प्रवाहका लागि विभिन्न जिल्लाहरूमा सम्झौता भइरहेको ।

८. "बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग" भन्ने सोचका साथ गत आर्थिक वर्षबाट सुरु गरिएको बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रमको निरन्तरताको लागि कृषि ज्ञान केन्द्रहरूबाट सम्झौता भइरहेको, लगभग ५००० रोपनी बाँझो जग्गामा खेती हुने ।

## दोस्रो चौमासिक अवधिमा सम्पन्न गरिएका महत्वपूर्ण कार्यहरु

९. सिँचित क्षेत्र विस्तार गरी कृषि उत्पादनमा वृद्धि गर्न पहिलो चरणको कार्यक्रमको ७ वटा साझेदारहरूसँग सम्झौता भई बोलपत्र आह्वानको क्रममा रहेको, दोस्रो चरणको ९ वटा डिप बोरिङ्ग योजना कार्य सम्पन्न हुने चरणमा रहेको ।

१०. सिँचित क्षेत्र विस्तारका लागि ३२ वटा लिफ्ट सिँचाई योजनाको सम्झौता भई बोलपत्र आह्वान भएको ।

११. मौरीपालन विकास कार्यक्रम, भण्डाराबाट ९०० के.जी. मह उत्पादन तथा बिक्रीबाट रू. ३ लाख ६० हजार राजश्व आम्दानी भएको ।

१२. मत्स्य विकास केन्द्रहरूबाट ह्याचलिङ्ग २ करोड ४५ लाख, फ्राई ३० लाख ५० हजार, फिङ्गरलिङ्ग २ लाख ९८ हजार र खाने माछा १८२० के.जी. उत्पादन तथा बिक्री वितरणबाट १८ लाख ५० हजार २ सय राजश्व आम्दानी भएको ।

१३. विधेयकको मस्यौदा तयारीः प्रदेश कृषि विकास विधेयक, २०७८ र प्रदेश पोल्ट्री विकास विधेयक, २०७८ को मस्यौदा तयार भई छलफलको क्रममा रहेको ।

१४. प्रदेश बीउ विजन गुणस्तर केन्द्र स्थापनाः मिति २०७८।७।१० को प्रदेश मन्त्रिपरिषदले कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको बीउ बिजन प्रयोगशाला, हेटौंडालाई प्रदेश बीउ बीजन व्यवस्थापन समितिको सचिवालयको रूपमा कार्य गर्ने गरी प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र तोक्ने निर्णय र २०७८ कात्तिक २९ गते प्रदेश राजपत्रमा सूचना प्रकाशन भएपश्चत कृषि तथा पशुपन्छी विकास मन्त्री मा. वसुन्धरा हुमागाईबाट मिति २०७८।९।१४ गतेका दिन प्रदेश बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रको उदघाटन भएको ।

१५. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रूपान्तरणको लागि मन्त्रालयले २०७८ साल पौष १४ गतेका दिन ५१ बुदे मार्गचित्रको सार्वजनिक गरिएको ।

१६. भेडा बाख्रामा लाग्ने पिपिआर (एभकतभ म्भक एभतषतक च्फल्बलतक) रोग नियन्त्रण तथा रोकथामको लागि सप्ताह व्यापी खोप अभियान सञ्चालन कार्ययोजना, २०७८ स्वीकृत भई सो बमोजिम माघ २५ देखि फागुन २ गतेसम्म बागमती प्रदेशको १३ वटै जिल्लाहरूमा खोप अभियान सञ्चालन गरिएको जसबाट ८३०१८७ भेडा बाख्रालाई पिपिआर रोग विरूद्धको खोप लगाईएको ।

१७. अनुदान कार्यक्रमहरूको प्रभावकारिता अध्ययनः मन्त्रालय तथा मातहतका कार्यालयहरूबाट सञ्चालित अनुदान कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गरी मन्त्रालयलाई पृष्ठ पोषण गर्ने सम्बन्धमा उच्चस्तरीय एक अध्ययन समिति गठन गरी अध्ययन कार्य भैरहेको ।





मकवानपुरको हेटौंडामा निर्माणाधिन दूध पाउडर प्लान्ट

## आ.व. २०७८/७९ को कार्यालयगत अष्टमासिक प्रगति विवरण

| क्र. सं. | कार्यालयको नाम | वार्षिक बजेट रू. हजार | अष्टमासिक बजेट रू. हजार | अष्टमासिक खर्च रू. हजार | अष्टमासिक खर्च प्रतिशत | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ५४३३९५ | ४७१४०० | ६०५०२ | १२.८३ | ३० |
| २ | प्रदेश दुग्ध विकास बोर्ड | २०५५७२ | १९९७०२ | १७८६३ | ८.९४ | ४० |
| ३ | कृषि विकास निर्देशनालय | ५०५८४८ | २०१२५१ | ९६९७५ | ४८.१९ | ७० |
| ४ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | २४४५४४ | २२६६१९ | ९६०२ | ४.२४ | ५.२५ |
| ५ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, ललितपुर | २९६५८ | २२४९३ | ११४२४ | ५०.७९ | ६३.६७ |
| ६ | कृषि ज्ञान केन्द्र, नुवाकोट | १००३७६ | ६९०१३ | १५३९६ | २२.३१ | ८८.१ |
| ७ | कृषि ज्ञान केन्द्र, घादिङ्ग | ५५५९६ | ४३६५४ | ६९९७ | १६.०३ | २०.० |
| ८ | कृषि ज्ञान केन्द्र, ललितपुर | १४८४०० | ९७८५१ | १४५६३ | १४.८८ | ८७.२९ |
| ९ | कृषि ज्ञान केन्द्र, काभ्रे | १०१६८९ | ७१४९७ | ९४०८ | १३.१६ | ४४.०० |
| १० | कृषि ज्ञान केन्द्र, रामेछाप | १२९४३३ | १०७२६७ | १०६२५ | ९.९१ | ५३.१ |
| ११ | कृषि ज्ञान केन्द्र, सिन्धुली | ६८९२२ | ५७१४० | १४७२२ | २५.७६ | ४५.० |
| १२ | कृषि ज्ञान केन्द्र, चितवन | १६८२१९ | ९३५२६ | १२२०० | १३.०४ | ५४.८ |
| १३ | व्यवसायिक ग्रेनेज केन्द्र, भक्तपुर | १७९१३ | १३६८८ | ११२१३ | ८१.९२ | ९३.८६ |
| १४ | मौरी पालन विकास कार्यक्रम, चितवन | २४१११ | १८२५६ | १०६६० | ५८.३९ | ६१.३ |
| १५ | कन्दमुल तरकारी विकास केन्द्र, सिन्धुली | २५५८० | २०७४३ | ९३०४ | ४४.८५ | ७१.१ |
| १६ | मसलाबाली विकास केन्द्र, काभ्रेपलान्चोक | ४१५७४ | ४२१०३ | १४८९६ | ३५.३८ | ४५.१ |
| १७ | प्रजन्नन पिढी विजकोया श्रोत केन्द्र, घादिङ्ग | २०८८४ | १५७७२ | १४०३२ | ८८.९७ | ८५.५ |
| १८ | किम्वु नर्सरी विकास केन्द्र, चितवन | १९०३० | १४४४७ | ११७६६ | ८१.४५ | ८८.१ |
| १९ | पुष्प विकास केन्द्र, ललितपुर | ४५०२८ | १६७८८ | १३९३९ | ८३.०३ | ९४.० |
| २० | उपोष्ण प्रदेशिय वागबानी विकास केन्द्र, नुवाकोट | ३००७१ | २२४३२ | १३७४० | ६१.२५ | ९२.४ |
| २१ | शितोष्ण फलफुल रूटस्टक विकास केन्द्र, दोलखा | २३९९८ | १८७९६ | ९५४४ | ५०.७८ | ९७.२ |
| २२ | शितोष्ण बागबानी नर्सरी केन्द्र, मकवानपुर | २०२१५ | १४५०२ | ९५६९ | ६५.९९ | ९४.४ |
| २३ | माटो तथा मल परीक्षण प्रयोगशाला, मकवानपुर | २०७७१ | १४२५० | ८५४९ | ५९.९९ | ७७ |
| २४ | वीउ विजन प्रयोगशाला, मकवानपुर | २९२०० | २३१६६ | १३०७५ | ५६.४४ | ६८.५ |
| २५ | बाली संरक्षण प्रयोगशाला, ललितपुर | १६७१३ | ११०६३ | ९३७५ | ८४.७४ | ७५.१ |
| २६ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नुवाकोट | ४१३९५ | ३१९८६ | ७८५१ | २४.५५ | ४५ |

## आ.व. २०७८/७९ को कार्यालयगत अष्टमासिक प्रगति विवरण

| क्र. सं. | कार्यालयको नाम | वार्षिक बजेट रू. हजार | अष्टमासिक बजेट रू. हजार | अष्टमासिक खर्च रू. हजार | अष्टमासिक खर्च प्रतिशत | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| २७ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुर | ५९१४० | ५२७७५ | ९०३६ | १७.१२ | ८६ |
| २८ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, काभ्रे | ५३५६५ | ४६५६५ | १२५९९ | २७.०६ | २८.५८ |
| २९ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखा | ७००९६ | ६३६३० | ८४२५ | १३.२४ | ३६.७८ |
| ३० | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिन्धुली | ६०५४८ | ४७७२७ | १४११० | २९.५६ | २९.७ |
| ३१ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङ्ग | ३३२३६ | २१६७९ | १०५२३ | ४८.५४ | ८१.५ |
| ३२ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवन | ८१४३५ | ७४४१५ | १०९२७ | १४.६८ | २०.४०२ |
| ३३ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुर | ५२२२५ | ४०८०० | ८५३२ | २०.९१ | ७२.५६ |
| ३४ | पशु सेवा तालिम केन्द्र, ललितपुर | १९२८२ | १३४३१ | ९९०१ | ७३.७२ | ८१.०८ |
| ३५ | बाख्रा विकास फार्म, चित्लाङ्ग | २२९७३ | १६७४६ | १४१९५ | ८४.७७ | ८६.३२ |
| ३६ | मत्स्य विकास केन्द्र, कुलेखानी | १७३७३ | १३५११ | ७३८० | ५४.६२ | ८४.३१ |
| ३७ | मत्स्य विकास केन्द्र, भन्डारा | ४७५०३ | ३९८५२ | २०३८२ | ५१.१४ | ५६.६७ |
| | जम्मा | ३१९५५११ | २३७०५३६ | ५६३७९८ | २३.७८ | ४७.१० |



शित भण्डार निर्माण, इन्द्रावती, सिन्धुपाल्चोक



प्रादेशिक कृषि थोक बजार निर्माण, हेटौंडा

# आ.व. २०७८/७९ को नीति तथा कार्यक्रमको अष्टमासिक प्रगति विवरण

| बुँदा नं. | नीति तथा कार्यक्रमको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| १८ | कोभिड-१९ बाट प्रभावित भई विदेशबाट स्वदेश र सहरबाट गाउँ फर्किएका युवालाई लक्षित गरी कृषिमा आकर्षित गर्न स्थानीयस्तरमा नै रोजगारी सिर्जना गर्नका लागि साझेदारीमा आधारित कृषि उत्पादनमूखी कार्यक्रम सञ्चालन गरिने । | कोभिड-१९ बाट प्रभावित भई विदेशबाट स्वदेश र सहरबाट गाउँ फर्किएका युवालाई लक्षित गरी कृषिमा आकर्षित गर्न स्थानीयस्तरमा नै रोजगारी सिर्जना गर्नका लागि कृषि ज्ञान केन्द्रहरूमा बिनियोजन भएको बजेट कार्यान्वयन को लागि सम्झौता भई कार्य अघि बढिरहेको |
| ७८ | खाद्य तथा पोषण सुरक्षा सुनिश्चितताका लागि कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको व्यवसायिकीकरण र बजारीकरणमार्फत प्रदेशलाई प्रमुख कृषि उपजहरुमा आत्मनिर्भर बनाउँदै लगिने | कृषि तथा पशुपन्छी यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम संचालनको लागि साझेदार छनौट भई बोलपत्र आह्वान तथा वितरण कार्य भैरहेको |
| ७९ | "बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग" भन्ने सोचका साथ गत आर्थिक वर्षबाट सुरु गरिएको बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइने | "बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग" भन्ने सोचका साथ गत आर्थिक वर्षबाट सुरु गरिएको बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रमको निरन्तरताको लागि जिल्ला स्थित कृषि ज्ञान केन्द्रहरूबाट सम्झौता गरि कार्य अघि बढाइरहेको, लगभग ५००० रोपनी बाँझो जग्गामा खेति हुने |
| ८० | साना, निर्वाहमूखी, विपन्न र सीमान्तकृत समुदायका किसानहरुका लागि प्राविधिक सहयोगसहित जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिने | साना, निर्वाहमूखी, विपन्न र सीमान्तकृत समुदायका किसानहरुका लागि प्राविधिक सहयोगसहित जीविकोपार्जन सुधार कार्यक्रम संचालनको लागि साझेदारहरूसँग सम्झौता भई कार्यान्वयन भैरहेको |
| ८१ | कृषि भूमिको चक्लाबन्दी गरी कृषि उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धिका लागि सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गर्न यान्त्रिकीकरण र आधुनिकीकरण कार्यक्रमलाई निरन्तरता दिइने छ । व्यवसायिक कृषिलाई प्रवर्धन गर्न एकीकृत मोडल फार्म कार्यक्रमलाई निरन्तरता दिइने | नयाँ एकीकृत मोडल फार्म स्थापना कार्यक्रम अन्तर्गत ५ वटा लक्ष्य देखिएकोमा १० वटा फार्महरूमा कार्य अघि बढाउदा धेरै क्षेत्र समेटिने हुँदा लक्ष्य संसोधन गर्न पठाइएको, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत विभिन्न वाली बस्तुहरूको पुरानो ९४ र नयाँ ५७ गरि १५१ वटा वाली बस्तुहरूको ब्यबसायिक ब्लक विकास कार्यक्रमको लागि सम्झौता भई कार्य अघि बढेको |
| ८२ | जिल्लागत रुपमा सम्भाव्य फलफूल, तरकारी तथा खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न 'क्षेत्र विस्तार कार्यक्रम सञ्चालन गरिने छ । साथै उच्च तथा नवीनतम प्रविधियुक्त संरचनामा गरिने खेतीलाई निरन्तरता दिइने | जिल्लागत रूपमा अलैची, चैते धान, खरी पिडालु, ओखर, कफी, भुईकटहर लगायतको बालीहरूमा क्षेत्रबिस्तारको कार्य हुँदै गरेको |




उच्च प्रविधियुक्त संरक्षित संरचनामा तरकारी खेती, नुवाकोट

# आ.व. २०७८/७९ को नीति तथा कार्यक्रमको अष्टमासिक प्रगति विवरण

| बुँदा नं. | नीति तथा कार्यक्रमको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| ८३ | दुध उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिदै वित्तीय संस्थामार्फत दुध उत्पादक कृषकहरुको बैंक खातामा रकम उपलब्ध गराइने | दूध उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिँदै प्रति लिटर रू. २ का दरले वित्तीय संस्थामार्फत दुध उत्पादक कृषकहरुको बैंक खातामा रकम उपलब्ध गराउने कार्यका लागि आवेदन संकलन कार्य सम्पन्न भई मूल्याङ्कन भइरहेको |
| ८४ | सिँचित क्षेत्र विस्तारका लागि गरी लिफ्ट सिँचाई, डिप बोरिङ्ग, शून्य इनर्जी सिँचाई, साना सिँचाई, थोपा सिँचाई, प्लास्टिक पोखरी जस्ता कार्यक्रमलाई निरन्तरता दिइने | लिफ्ट सिंचाई अन्तर्गत ३२ वटा साझेदारहरूसँग सम्झौता भई बोलपत्र आह्वान कार्य भएको, डिप बोरिंग कार्यको गत बर्षको निरन्तरता कार्यको ९ वटा सम्पन्न हुने चरणमा, पहिलो चरणको कार्यमा ७ वटाको कार्य हुँदै |
| ८५ | प्रदेशभित्र उत्पादित फलफूल तथा तरकारी भण्डारणका लागि सार्वजनिक, निजी सहकारीसँगको साझेदारीमा निर्माण सम्पन्न नौ ओटा शीत भण्डार सञ्चालनमा ल्याइने छ भने निर्माणाधीन शीत भण्डारको निर्माण कार्य सम्पन्न गरिने | शीत भण्डार निर्माण कार्य ७८ प्रतिशत सम्पन्न तथा निर्माण कार्य भैरहेको, चालु आ.व.मा सम्पन्न भई सञ्चालनमा आउने, उक्त कार्यबाट १५८०० मे.ट. फलफुल तथा तरकारी भण्डारणमा सहजता हुने । |
| ८६ | हेटौँडामा निर्माणाधीन पाउडर दुध पाउडर प्लान्ट, स्थानीय तहको सहकार्यमा हेटौँडामा प्रादेशिक कृषि थोक बजार र चितवनमा चक्लेटसहितको दुध प्रशोधन केन्द्र आगामी दुई वर्षभित्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने | हेटौँडामा निर्माणाधीन दुध पाउडर प्लान्टको ५० प्रतिशत कार्य सम्पन्न भएको तथा द्रुत गतिमा निर्माण कार्य भैरहेको, हेटौँडामा गत वर्षदेखि निर्माण शुरू गरिएको प्रादेशिक कृषि थोक बजारको ३५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको, मुख्य भवन मध्ये retail shop को संरचनाको सम्पूर्ण काम सम्पन्न तथा wholesale shop को भुइँ तल्लाको काम सम्पन्न भएको । |
| ८७ | प्रमुख खाद्यान्न बालीको गुणस्तरीय उन्नत बिउ उपलब्धता वृद्धि गर्नुका साथै स्थानीय रैथाने जातिका बिउहरुको संरक्षण तथा प्रवर्धन गरिने । | खाद्यान्नको बिउमा रू. २० र तेलहन तथा दलहनको बिउमा रू. ४० प्रति के.जी.को दरले उत्पादनमा आधारित अनुदान प्रवाहका लागि विभिन्न जिल्लामा सम्झौता भई कार्य भईरहेको |
| ८८ | कृषि उत्पादनलाई पर्यटनसँग जोड्दै कृषकहरुको आय आर्जन सुधारका लागि कृषि पर्यटन कार्यक्रम सञ्चालन | कृषि उत्पादनलाई पर्यटनसँग जोड्दै कृषकहरुको आय आर्जन सुधारका लागि ७ वटा कृषि पर्यटन कार्यक्रमको सम्झौता भई कार्य अघि बढिरहेको |
| ८९ | प्राङ्गारिक मल उत्पादन, प्राङ्गारिक खेती र सोको उपयोग गर्न तथा उत्पादनको बजारीकरणका लागि प्रोत्साहन र प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिने | संघीय शशर्त अनुदान कार्यक्रम अन्तर्गत विभिन्न जिल्लामा रहेका कृषि ज्ञान केन्द्रहरूबाट प्रांगारिक मिसन कार्यक्रम संचालन भईरहेको |
| ९० | पशुपंक्षीको रोग अन्वेषण तथा अनुसन्धान गर्न कृषि तथा वन विज्ञान विश्वविद्यालय चितवनमा बायो सेफ्टी लेभल टु प्लस प्रयोगशाला आगामी २ वर्षभित्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने | पशुपंक्षीको रोग अन्वेषण तथा अनुसन्धान गर्न कृषि तथा वन विज्ञान विश्वविद्यालय चितवनमा बायोसेफ्टी लेभल टु प्लस प्रयोगशाला स्थापनाका लागि डि.पि.आर. परिमार्जन भई बोलपत्र आह्वानको प्रक्रियामा रहेको । |
| ९१ | मानव वन्यजन्तु बिचको द्वन्द्व न्यूनीकरण गरी बाली संरक्षण गर्न राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा निर्माणाधीन रहेको पर्खाल लगाउने कार्यलाई निरन्तरता दिइने | चालु आ.व. मा १.१६ कि.मी. तथा हालसम्म ९.६६ कि.मि. पर्खाल निर्माण सम्पन्न भएको, निर्माण कार्य भैरहेको । |
| ९२ | सम्भाव्य क्षेत्रहरुमा बाख्रा र माछाको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न मिसन कार्यक्रम सञ्चालन गरिने | बाख्रा र माछा मिसन कार्यक्रमहरूको प्रस्ताव संकलन, मुल्यांकन, फिल्ड अनुगमन भई सम्झौताको प्रक्रिया भैरहेको । |
| ९३ | पशुपंक्षी तथा मत्स्य क्षेत्रमा फैलन सक्ने माहामारी रोगहरुको नियन्त्रणका लागि सङ्घीय सरकारको समन्वय तथा स्थानीय तहहरुसँगको सहकार्यमा सर्भिलेन्स तथा रोग नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिने | पि.पि.आर रोग विरूद्ध सप्ताहव्यापी खोप अभियान कार्यक्रम सञ्चालन गरिएको, खोरेत रोग तथा अन्य रोग विरूद्धको खोप कार्य भैरहेको । |

## आ.व. २०७८/७९ को अष्टमासिक राजश्व संकलन विवरण

| क्र.सं. | राजश्व ख.शी.नं. | राजश्व शीर्षक | अष्टमासिक राजश्व रकम रू. हजार |
|---|---|---|---|
| १ | १४२११ | कृषि उत्पादन बिक्री आम्दानी | १२९१०.६० |
| २ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०६४.९० |
| ३ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ६२४.०० |
| ४ | १५१११ | बेरूजु | ११०१.०० |
| | जम्मा | | १५७००.५०० |

## आ.व. २०७८/७९ को दोस्रो चौमासिकमा संचालित प्रमुख कार्यक्रम

### कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रुपान्तरण मार्गचित्र सार्वजनिकरण

**बागमती प्रदेशको कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रुपान्तरण**को लागि मन्त्रालयले २०७८ साल पौष १४ गतेका दिन ५१ बुदे मार्गचित्रको सार्वजनिक गरिएको







कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रूपान्तरण मार्गचित्र, २०७८ सार्वजनिकरण कार्यक्रम

## पि.पि.आर रोग नियन्त्रणको लागि सप्ताहव्यापी खोप अभियान कार्यक्रम

भेडा बाख्रामा लाग्ने पि.पि.आर रोग नियन्त्रण तथा रोकथामको लागि २०७८ माघ २५ देखि फागुन २ गतेसम्म बागमती प्रदेशको १३ वटै जिल्लाहरूमा सप्ताह व्यापी खोप अभियान सञ्चालन गरिएको जसबाट ८३०१८७ भेडा बाख्रालाई पि.पि.आर रोग विरूद्धको खोप लगाइएको थियो।





पि.पि.आर रोग नियन्त्रण तथा रोकथामको लागि सप्ताहव्यापी खोप अभियान

# रासायनिक मल कारखाना स्थापनाको लागि काठमाण्डौ विश्वविद्यालयसँग अन्तरक्रिया कार्यक्रम

रासायनिक मल कारखाना स्थापनाको लागि काठमाण्डौ विश्वविद्यालय, धुलिखेलसँग २०७८ फागुन १९ गते प्राविधिक परामर्श तथा छलफल कार्यक्रम आयिजना गरिएको थियो जसमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री, माननीय राज्यमन्त्री, सचिव, अन्य मन्त्रालयका सचिव, काठमाण्डौ विश्वविद्यालयका उपकुलपति लगायत अन्य प्राध्यापकहरूको सहभागिता रहेको थियो ।





रासायनिक मल कारखाना स्थापनाको लागि काठमाण्डौ विश्वविद्यालयसँग अन्तरक्रिया कार्यक्रम

लाई

..........................................................

..........................................................

..........................................................

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर
फोन नं.: ०५७-५२५९४७ / फ्याक्स नं.: ०५७-५२५६४२
इमेल : molmac@bagamati.gov.np
बेवसाइट : http://molmac.bagamati.gov.np